# चन्द्रागिरि नगरपालिका

चन्द्रागिरि नगरपालिका

# स्थानीय राजपत्र

**खण्डः ४** **संख्याः ३** **मितिः असार २० गते, २०७८**

**भाग–१**

## चन्द्रागिरि नगरपालिका

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी चन्द्रागिरि नगरपालिकाबाट यो राजपत्र प्रकाशन गरिएको छ ।

## सम्वत् २०७८ सालको ऐन नं. १

## चन्द्रागिरि नगरपालिका (कर तथा गैर कर) सम्बन्धी राजश्व ऐन, २०७८

**प्रस्तावना :**

चन्द्रागिरि नगरपालिकाको समग्र विकासका लागि चन्द्रागिरि नगरपालिकामा कर लगाउने तथा उठाउने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले, चन्द्रागिरि नगरपालिकाको सभाले नेपालको संविधानको धारा २२६ को उपधारा (१) बमोजिम यो ऐन बनाएको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "चन्द्रागिरि नगरपालिकाको कर तथा गैर कर राजश्व लगाउने र उठाउने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७८" रहेको छ ।

(२) यो ऐन चन्द्रागिरि नगरपालिका क्षेत्र भर लागू हुनेछ र यस ऐन बमोजिमको कर वा राजश्व बुझाउनु पर्ने दायित्व भएको व्यक्ति जहाँसुकै रहे बसेको भए पनि निजको हकमा समेत लागू हुनेछ ।

(३) यो ऐन नगरसभाले पारित गरी स्थानीय राजपत्रमा प्रकाशित भएपछि लागू हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा

(क) **"कम्पनी"** भन्नाले प्रचलित नेपाल कानून बमोजिम स्थापना भएको कम्पनी सम्झनु पर्छ र सो शब्दले प्रचलित नेपाल कानून बमोजिम स्थापित संगठित संस्थालाई समेत जनाउँछ ।

(ख) **"कर"** भन्नाले परिच्छेद-४ बमोजिम लागेको वा लाग्ने कर सम्झनु पर्छ ।

(ग) **"कर एकाई"** भन्नाले चन्द्रागिरि नगरपालिकामा राजश्व सम्बन्धी काम, कारवाही र निर्णय गर्ने चन्द्रागिरि नगरपालिकाको विभाग, महाशाखा, शाखा, वडा कार्यालय वा सो प्रयोजनको लागि तोकिएको कर सङ्कलन गर्ने काउण्टर समेतको संरचनालाई सम्झनु पर्छ ।

(घ) **"करदाता"** भन्नाले कर तिर्नु पर्ने कर्तव्य भएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले कर अधिकृतले कुनै करको विवरण बुझाउन सूचना दिएको वा अरु कुनै कारवाही प्रक्रिया शुरु गरेको व्यक्तिलाई समेत जनाउँछ ।

(ङ) **"कर निर्धारण"** भन्नाले कर निर्धारण सम्झनु पर्छ र सो शब्दले पुनः कर निर्धारण र अतिरिक्त कर निर्धारणलाई समेत जनाउँछ ।

(च) **“गैरकर राजश्व”** भन्नाले परिच्छेद-१४ बमोजिम लाग्ने वा लागेको गैर कर राजश्व सम्झनु पर्छ ।

(छ) **“तोकिएको वा तोकिए बमोजिम”** भन्नाले यस ऐन अन्तर्गत बनेको नियम, विनियम, कार्यविधि वा निर्देशिकामा उल्लेख भएबमोजिम भन्ने सम्झनु पर्छ ।

(ज) **“फर्म”** भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको जुनसुकै फर्म सम्झनु पर्छ ।

(झ) **“परिवार”** भन्नाले प्राकृतिक व्यक्तिको पति, पत्नी र अंश छुट्टिए वा नछुट्टिएका नावालिग सन्तान सम्झनु पर्छ ।

(ञ) **“व्यक्ति”** भन्नाले कर तिर्नुपर्ने दायित्व भएको जुनसुकै व्यक्ति सम्झनु पर्छ ।

(ट) **“कर अधिकृत”** भन्नाले स्थानीय सरकारले दफा ६ बमोजिम नियुक्त गरेको कर अधिकृत सम्झनु पर्छ र सो शब्दले कर अधिकृतको रुपमा काम गर्न जिम्मेवारी सुम्पेको वा कर अधिकृतको प्रत्यायोजित अधिकार प्रयोग गर्ने स्थानीय सरकारको अधिकृतस्तरको कर्मचारीलाई समेत जनाउँछ ।

(ठ) **“प्रमुख प्रशासकीय अधिकृत”** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ बमोजिम नियुक्त नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(ड) **“सभा”** भन्नाले चन्द्रागिरि नगरपालिकाको सभा सम्झनु पर्छ ।

(ढ) **“नगरपालिका”** भन्नाले चन्द्रागिरि नगरपालिकालाई सम्झनुपर्छ ।

(ढ) **“स्थानीय सरकार”** भन्नाले चन्द्रागिरि नगरपालिकाको कार्यकारिणी अधिकार प्रयोग गर्ने चन्द्रागिरि नगरकार्यपालिका सम्झनु पर्छ ।

(ण) **“संविधान”** भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

**३. व्याख्याः** यो कानूनमा परिभाषित गरिएका शब्दावली सोही अनुसार र अरुमा प्रचलित कानून व्याख्या सम्बन्धी संघीय ऐन तथा दफा ४ बमोजिमका सिद्धान्तका आधारमा गरिनेछ ।

## परिच्छेद - २

## राजश्व सम्बन्धी सामान्य सिद्धान्त

४. **कर तथा गैरकर राजश्व सम्बन्धी सामान्य सिद्धान्त :** (१) कर राजश्व देहायका सिद्धान्तलाई आधार लिई लगाइनेछ ।

(क) कर तिर्न सक्ने क्षमताको आधारमा ।

(ख) कर प्रणाली समानता र न्यायमा आधारित रहने गरी ।

(ग) सरल, पारदर्शी र मितव्ययी हुने गरी ।

(घ) नागरिकलाई सुविधा हुने किसिमबाट ।

(ङ) स्वेच्छिक रुपमा कर तिर्न प्रेरित हुने वातावरण सृजना गरेर ।

(च) करको आधार, करको दर र कर तिर्ने अवधी निश्चित गरेर ।

(छ) पश्चातदर्शी असर नपर्ने गरेर ।

(२) गैरकर राजश्व लगाउँदा र उठाउँदा उपलव्ध गराउन सेवा, सहुलियत र सुविधाको लागत, सञ्चालन र सम्भार खर्चलाई आधार मानी लगाइने र उठाइने छ ।

## परिच्छेद - ३

## कर प्रशासन सम्बन्धी व्यवस्था

५. **कर प्रशासनः** (१) नेपालको संविधानको व्यवस्था अनुरुप आफ्नो अधिकारक्षेत्र भित्रको कर तथा गैरकरको व्यवस्थापन नगरपालिकाले गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कर प्रशासन व्यवसायिक, दुरुस्त र प्रभावकारी बनाउन राजश्व शाखाका अतिरिक्त आवश्यकता अनुसार राजश्व संकलन एकाई रहन सक्नेछन् ।

६. **कर्मचारी सम्बन्धी व्यवस्थाः** (१) स्थानीय सरकारबाट स्वीकृत दरवन्दी अनुसारका विभिन्न तहका कर्मचारी कर एकाईमा रहन सक्नेछन् ।

(२) कर एकाईमा स्थानीय सरकारले प्रचलित कानून बमोजिम स्वीकृत दरवन्दीका आधारमा एक वा सो भन्दा बढी तहका कर अधिकृत, राजश्व सहायक तथा सहयोगीहरुलाई काममा लगाउन सक्नेछ ।

**७. कर अधिकृतको काम, कर्तव्य र अधिकारः** यस ऐनमा अन्यत्र उल्लेख भएका काम, कर्तव्य र अधिकारका अतिरिक्त कर अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) करदाता दर्ता गर्ने ।

(ख) करदाताबाट विवरण प्राप्त गर्ने ।

(ग) कर परिक्षण तथा अनुसन्धान गर्ने ।

(घ) कर संकलन गर्ने ।

(ङ) कर तथा गैरकर चुहावट रोक्न आवश्यक कार्य गर्ने ।

(च) करदातामैत्री वातावरण बनाउन उपयुक्त र आवश्यक कार्य गर्ने ।

(छ) कर सम्बन्धी जनचेतना अभिवृद्धि गर्न कार्यक्रम सञ्चालन गर्ने ।

(ज) कर कानून र कर प्रशासनका क्षेत्रमा सुधार गर्नुपर्ने विषयमा नगरपालिकालाई सुझाव दिने ।

(झ) राजश्वको प्रक्षेपण गर्न आवश्यक सूचना उपलब्ध गराउने ।

(ञ) करदाताको खातापाता र हरहिसाब दुरुस्त राख्न लगाउने ।

(ट) कर सम्बन्धी अभिलेख दुरुस्त राख्ने ।

(ठ) कर सम्बन्धी अन्य काम गर्ने ।

**८. अधिकार प्रत्यायोजनः** (१) नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतले कानून बमोजिम आफूमा रहेको कर तथा राजश्व उठाउने अधिकार कर अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) कर अधिकृतले आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार आफ्नो सामान्य रेखदेख र नियन्त्रणमा रहने गरी आफू मातहतको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(३) कर अधिकृतले आफूलाई प्राप्त अधिकार प्रत्यायोजन गर्ने सम्बन्धमा स्थानीय सरकारबाट कुनै खास निर्देशन भएकोमा सोही बमोजिम गर्नु पर्नेछ ।

९. **प्रत्यायोजित अधिकार र जिम्मेवारी:** (१) दफा ८ बमोजिम प्रत्यायोजन गरिएको अधिकारको जिम्मेवारी अधिकार प्रत्यायोजन गर्ने अधिकारीमा रहने छ ।

(२) दफा ८ बमोजिम प्रत्यायोजित अधिकार प्रयोग गर्नेले सो अधिकारको प्रयोग गर्दा अधिकार प्रत्यायोजन गर्ने प्रति उत्तरदायी रही प्रयोग गर्नु पर्नेछ ।

## परिच्छेद - ४

## कर राजश्व सम्बन्धी व्यवस्था

१०. **सम्पति कर:** १) नगरपालिकाले आफ्नो क्षेत्र भित्र रहेको सम्पत्ति कर लगाउने भनी तोकेको घरजग्गा कर नगरसभाले पास गरेको नगरपालिकाको आर्थिक ऐन बमोजिम लगाईने र उठाईनेछ ।

(२) उपदफा (१) बमोजिमको सम्पत्ति कर लगाउन भनी तोकेको घर र जग्गा बाहेकका अन्य जग्गा भएमा दफा १४ बमोजिम भूमिकर (मालपोत) लगाउनु र असुल उपर गर्नु पर्नेछ ।

(३) नगरपालिकाले आफ्नो क्षेत्र भित्रको घर जग्गाको अभिलेख प्रत्येक वर्ष दुरुस्त मिलाई राख्नु पर्नेछ ।

(४) सम्पत्ति कर निर्धारणका लागि सम्पत्ति मूल्यांकन देहाय बमोजिम गरिनेछ ।

क) घरको वनौट (कच्ची वा पक्की)

ख) घर जग्गासँग सडक वा बाटो जोडिएको वा नजोडिएको र जोडिएको भए पक्की, कच्ची वा गोरेटो जस्तो बाटोको प्रकृति र राजमार्ग, मुख्य सडक वा सहायक सडकसँगको दुरी ।

ग) घर जग्गाको व्यापारिक वा आवासीय उपयोगको अवस्था ।

घ) सम्पत्ति मूल्यांकन गर्दा अनुसुची १ बमोजिम ह्रासकट्टी गरी खुद सम्पत्ति कायम गरिनेछ ।

ङ) खण्ड (घ) बमोजिम कायम भएको खुद सम्पत्तिमा दश प्रतिशत मर्मत संभार खर्च कट्टी गर्न दिईनेछ ।

(५) उपदफा (४) बमोजिम घर जग्गा मूल्याङ्कन गर्न देहायको घर जग्गा मूल्याङ्कन समिति गठन गर्न सकिनेछ ।

क) नगर कार्यपालिकाले तोकेको ईन्जिनियर वा प्राविधिक - संयोजक

ख) नगर कार्यपालिकाले तोकेको घर जग्गा सम्वन्धी विज्ञ एक जना - सदस्य

ग) राजश्व शाखाको प्रमुख - सदस्य सचिव

(६) घर जग्गा मूल्याङ्कन समितिले स्थानीय तहको कुनै पदाधिकारी वा अधिकृत वा अन्य कुनै विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(७) घर जग्गा मूल्याङ्कन समितिले प्रत्येक ३ (तीन) वर्षमा घर जग्गा मूल्याङ्कनका आधार र दर रेटको सुझाव सिफारिस गर्न सक्नेछ ।

(८) घर जग्गा मूल्यांकन समितिले बैठकको कार्यविधि आफैं निर्धारण गर्न सक्नेछ ।

(९) सम्पत्ति करको प्रयोजनको लागि सम्पत्तिको स्वामित्व देहायको व्यक्तिमा रहेको मानिनेछ ।

क) आर्थिक बर्षको पहिलो दिन जुन सम्पत्ति जसको स्वामित्वमा रहेको छ । सो सम्पत्ति सोही व्यक्तिको नाममा भएको मानिनेछ र उक्त सम्पत्ति नामसारी गर्नु परेमा सम्पत्ति कर चुक्ता गरेपछि मात्र नामसारी वा हक हस्तान्तरण हुनेछ ।

ख) कुनै सम्पत्ति एक भन्दा बढी व्यक्तिहरुको संयुक्त स्वामित्वमा रहेकोमा स्वामित्व स्पष्ट भएकोमा सोही अनुसार र अन्यथा सबैको वरावर हक रहेको मानिनेछ ।

(१०)नयाँ करदाताले प्रत्येक बर्ष स्वयं कर निर्धारण गरी आश्विन मसान्त भित्र नगरपालिकामा विवरण पेश गर्नु पर्नेछ ।

(११) यस दफा बमोजिम दाखिला गर्नुपर्ने कर प्रत्येक आर्थिक वर्षको आश्विन मसान्त भित्र नगरपालिकाको कर एकाईमा दाखिला गर्नु पर्नेछ ।

(१२) नाबालकको नाममा रहेको सम्पत्तिमा लाग्ने सम्पत्ति कर दाखिला गर्ने दायित्व निजको संरक्षक वा माथवर व्यक्तिको हुनेछ ।

(१३) नगरपालिकाले आवश्यक ठानेमा औचित्यताको आधारमा सम्पत्ति करमा हेरफेर वा संशोधन गर्नको लागि नगरसभाबाट पारित गराई लागू गराउन सक्नेछ ।

**११. घर जग्गा बहाल कर:** (१) नगरपालिकाले आफ्नो क्षेत्र भित्र बहालमा लगाएको घर वा जग्गाको आकार प्रकार, बनौट र चर्चेको जग्गा (प्लिन्थ एरिया) को आधारमा घर वा जग्गामा बहाल आय रकममा बहाल कर लगाई असुल उपर गर्नेछ ।

यस दफाको प्रयोजनको लागि घर भन्नाले भवन, गोदाम, टहरा, छप्पर (सेड), कारखाना र यस्तै पक्की वा कच्ची संरचना सम्झनुपर्छ ।

(२) घर वा जग्गा बहालमा लगाउने व्यक्ति बहाल करको करदाता हुनेछ । कम्पनी वा संस्था मार्फत घर बनाई वा जग्गा खरिद गरी बहालमा दिएको हकमा उक्त कम्पनी वा संस्था बहाल करदाता हुनेछ ।

(३) घर वा जग्गा बहालमा दिंदा प्रत्येक घर वा जग्गाधनीले सम्झौता गरी त्यस्तो सम्झौताको प्रति वा सम्झौतामा संशोधन गरिएमा सोको विवरण सो कार्य भएको मितिले पैंतीस दिनभित्र कर एकाईमा पेश गर्नु पर्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै कार्यालय, कम्पनी, फर्म, एजेन्सी, परामर्शदाता वा जुनसुकै प्रकारको संगठित संस्थाले घर वा जग्गा बहालमा लिएकोमा बहाल भुक्तानी गर्दा अग्रीम कर कट्टी गरी घर वा जग्गाधनीका तर्फबाट कर एकाई वा वडा कार्यालयमा बहाल कर बुझाउनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम अग्रीम कर कट्टी गरी दाखिला गर्नुपर्ने घर वा जग्गा बहाल कर करकट्टी भएको महिना पछिको महिनाको २५ गते भित्र दाखिला गर्नु पर्नेछ ।

(६) घर वा जग्गा बहालको प्रयोजनका लागि स्थानीय सरकारले न्युनतम मासिक घर वा जग्गा बहाल रकम निर्धारण गरी लागु गर्न सक्नेछ ।

(७) न्यूनतम मासिक घर वा जग्गा बहाल रकम निर्धारण सम्बन्धी अन्य व्यवस्था निर्देशिकामा उल्लेख भए बमोजिम हुनेछ ।

(८) घर वा जग्गा बहालमा दिने घर वा जग्गाधनीले घर वा जग्गा बहाल करको विवरण प्रत्येक आर्थिक वर्षको आश्विन मसान्त भित्र पेश गर्नु पर्नेछ ।

(९) यस दफा बमोजिम दाखिला गर्नु पर्ने कर प्रत्येक वर्षको आश्विन मसान्त भित्र दाखिला गर्नु पर्नेछ ।

(१०)एक आर्थिक वर्षको घर वा जग्गा बहाल कर एकमुष्ट अग्रिम रुपमा श्रावण महिना भित्र दाखिला गर्ने घर वा जग्गाधनीलाई बहाल करमा दश प्रतिशत छुट दिइनेछ ।

**१२. घर जग्गा रजिष्ट्रेसन शुल्कः** (१) चन्द्रागिरि नगरपालिकाले घर, जग्गा वा घरजग्गा रजिष्ट्रेसन शुल्क लगाई उठाउनेछ ।

(२) उपदफा (१) बमोजिम घर, जग्गा वा घरजग्गा रजिष्ट्रेसन शुल्क उठाउँदा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेशले लगाएको घर, जग्गा वा घरजग्गा रजिष्ट्रेसन शुल्क समेत उठाउनेछ । यसरी असुल भए बमोजिमको करबाट उठेको रकममध्ये साठ्ठी प्रतिशत नगरपालिकाले स्थानीय सञ्चित कोषमा जम्मा गरी चालीस प्रतिशत रकम मासिक रूपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्नेछ ।

(३) चन्द्रागिरि नगरपालिका क्षेत्र भित्र घर, जग्गा वा घरजग्गा रजिष्ट्रेसन पारित गरी गराई स्वामित्व प्राप्त गर्ने व्यक्तिले घर, जग्गा वा घरजग्गा रजिष्ट्रेसन शुल्क बुझाउनु पर्नेछ ।

(४) घर, जग्गा वा घरजग्गा रजिष्ट्रेसन शुल्क स्वामित्व हस्तान्तरण गर्दाको समयमा बुझाउनु पर्नेछ ।

(५) घर, जग्गा वा घरजग्गा रजिष्ट्रेसन शुल्क प्रत्येक कारोबारको लिखतमा उल्लेख भएको थैली वा सो प्रयोजनको लागि निर्धारण गरिएको न्यूनतम रकम बमोजिम त्यस्तो घर, जग्गा वा घरजग्गा रजिष्ट्रेसन गर्नेबाट असुल उपर गरिनेछ।

(६) घर, जग्गा वा घरजग्गा रजिष्ट्रेसन शुल्क थैली रकम वा सो प्रयोजनका लागि तोकिएको रकम मध्ये जुन बढि हुन्छ सो रकमको तोकिए बमोजिमको प्रतिशतका आधारमा लाग्नेछ ।

(७) घर, जग्गा वा घरजग्गाको स्वामित्व प्राप्त गर्ने व्यक्ति महिला नागरिक भएमा उपदफा (६) बमोजिम लाग्ने शुल्कमा २५ प्रतिशत रकम छुट दिइनेछ ।

(८) संघीय, प्रदेश र स्थानीय सरकार तथा सरकारी निकायलाई रजिष्ट्रेशन शुल्क लाग्ने छैन ।

(९) नगरपालिकाले घर जग्गा रजिष्ट्रेसन पारित गर्दाको अवस्थामा नेपाल सरकारले तोकेको दरमा पूँजीगत लाभकर असुल गरी तोकेको राजश्व खातामा जम्मा गर्नु पर्नेछ ।

(१०)यस दफा बमोजिमको घर, जग्गा वा घरजग्गा रजिष्ट्रेसन शुल्क सम्बन्धी व्यवस्था उक्त घर, जग्गा वा घरजग्गा रजिष्ट्रेसन सम्बन्धी कार्य नगरपालिकामा हस्तान्तरण भइ आएपछि मात्र लागू हुनेछ ।

**१३. सवारी साधन कर :** (१) नगरपालिकाले सवारी साधन कर लगाउन सक्नेछ । यस दफाको प्रयोजनका लागि “सवारी साधन” भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ को उपदफा (१) को देहाय (क) मा उल्लेखित सवारी सम्झनु पर्छ ।

(२) उपदफा (१) बमोजिम सवारी साधन कर लगाउँदा सवारी साधनको प्रकृति र क्षमताका आधारमा समान प्रकृतिका सवारी साधनलाई समान दर कायम हुने गरी लगाइनेछ ।

(३) यस दफा बमोजिम लगाइएको सवारी साधन करको दर प्रदेश सरकारमा पठाउनु पर्नेछ ।

(४) प्रत्येक वर्ष आश्विन मसान्तमा सवारी साधन धनीले यस दफा बमोजिमको कर दाखिला गर्नु पर्नेछ ।

**१४. भूमिकर (मालपोत) :** (१) नगरपालिकाले भूमिकर (मालपोत) तोक्दा भौगोलिक क्षेत्र वा विकटतालाई आधार मानी फरक दर कायम गरी कर उठाउन सक्नेछ ।

(२) यस ऐन बमोजिम सम्पत्ति कर लाग्ने घर र जग्गा बाहेकको अन्य जग्गामा भूमिकर (मालपोत) लाग्नेछ र त्यस्तो जग्गाको जग्गाधनीले भूमिकर (मालपोत) तिर्नु पर्नेछ ।

(३) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार र कुटनितिक नियोगको नाममा भएका जग्गामा भूमिकर (मालपोत) लाग्ने छैन ।

(४) प्राकृतिक प्रकोपको अवस्था वा अन्य गम्भीर परिस्थितिमा स्थानीय सरकारले आधार र कारण खोली त्यसबाट प्रभावित सबैले समान सुविधा पाउने गरी भूमिकर (मालपोत) मा छुट वा मिनाहा दिने निर्णय गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम छुट दिने निर्णय भएकोमा सो निर्णय भएको मितिले १५ दिनभित्र त्यसको सूचना नगर सभाको बैठक चलेको भए नगर सभामा पेश गर्नु पर्नेछ र बैठक नचलेको भए त्यस पछि वस्ने सभाको पहिलो वैठकले पारित गर्नुपर्नेछ ।

(६) नगरपालिकाले यस दफा बमाोजिमको भूमिकर (मालपोत) आफैंले उठाउन वा नेपाल सरकार अन्तर्गतको कुनै कार्यालय मार्फत उठाउने व्यवस्था गर्न सक्नेछ ।

(७) भूमिकर (मालपोत) प्रत्येक वर्ष आश्विन महिनाभित्र कर एकाई वा सम्वन्धित वडा कार्यालय वा नगरपालिकाले तोकेको कार्यालयमा वुझाउनु पर्नेछ ।

(८) स्थानीय सरकारले प्राकृतिक प्रकोपको अवस्था वा विशेष परिस्थिति सिर्जना भएकोमा आधार र कारण खोली नगरक्षेत्र भित्र वा त्यसको कुनै खास क्षेत्र तोकी सो क्षेत्रको जग्गाको भूमिकर बुझाउने म्याद वढाउन सक्नेछ । सो म्याद भित्र भूमिकर (मालपोत) वुझाएमा म्याद भित्र वुझाएको मानिनेछ र थप शुल्क लाग्ने छैन ।

**१५. मनोरञ्जन कर :** (१) स्थानीय सरकारले चलचित्र घर, भिडियो घर, सांस्कृतिक प्रदर्शन हल, कन्सर्ट जस्ता मनोरञ्जन स्थलमा देखाइने मनोरञ्जनका साधनमा मनोरञ्जन कर लगाई उठाउने छ ।

(२) उपदफा (१) बमोजिमको मनोरञ्जन कर तथा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेशले लगाएको मनोरञ्जन कर मनोरञ्जन

स्थलको सञ्चालकले मनोरञ्जनको लागि टिकट बिक्री गर्दाको अवस्थामा असुल गर्नेछ । यसरी असुल भए बमोजिमको करबाट उठेको रकममध्ये साठ्ठी प्रतिशत नगरपालिकाले स्थानीय सञ्चित कोषमा जम्मा गरी चालीस प्रतिशत रकम मासिक रूपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम उपभोक्ताबाट असुल गरेको मनोरञ्जन करको रकम असुल गरेको ३ दिनभित्र कर एकाइमा दाखिला गर्नु पर्नेछ ।

तर यस दफा बमोजिम मनोरञ्जन कर लाग्ने मनोरञ्जन स्थल छोटो अवधिको लागि भएमा त्यस्तो मनोरञ्जन स्थल सञ्चालकले दैनिक वा सोको भोलिपल्ट त्यस्तो कर दाखिला गर्नुपर्नेछ ।

**१६. विज्ञापन कर :** (१) नगरपालिकाले सूचनापाटी (होर्डिङ्ग बोर्ड) मा विज्ञापन कर लगाई असुल गर्न सक्नेछ ।

(२) नगरपालिकाले उपदफा (१) बमोजिमको विज्ञापन कर उठाउँदा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेशले लगाएको विज्ञापन कर समेत उठाउनु पर्नेछ । यसरी असुल भए बमोजिमको करबाट उठेको रकममध्ये साठ्ठी प्रतिशत नगरपालिकाले स्थानीय सञ्चित कोषमा जम्मा गरी चालीस प्रतिशत रकम मासिक रूपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्नेछ ।

(३) विज्ञापन कर विज्ञापन राख्न अनुमतिका लागि निवेदन दिनेबाट असुल गरिनेछ ।

(४) यस ऐन बमोजिम असुल गरेको विज्ञापन करको रकम असुल गरेको ३ दिनभित्र कर एकाईमा दाखिला गर्नुपर्नेछ ।

(५) यस दफा बमोजिम विज्ञापन सामाग्री राख्न नगरपालिकाबाट अनुमति लिनुपर्नेछ ।

(६) उपदफा (५) बमोजिमको अनुमति पत्र दिंदा सर्वसाधारण जनताको हित सम्बन्धी अन्य कुराका अतिरिक्त विज्ञापन राख्न पाउने अवधि, नविकरण गर्नुपर्ने समय, नविकरण नगरेमा लाग्ने शुल्क, सौन्दर्य बिगार्न नहुने कुरा, सामाग्रीको भाषिक शुद्धता र शालीनता जस्ता शर्त किटान गरिएको हुनु पर्नेछ ।

(७) कुनै कम्पनी, फर्म, एजेन्सी, संस्था वा व्यक्तिले अरु कसैले प्रायोजन गरेको सूचनापाटी राखेमा यस दफा बमोजिमको विज्ञापन कर सम्बन्धित प्रायोजकबाट असुल गरी राजश्व शाखा वा शाखाले तोकिएको बैंक खातामा दाखिला गर्नुपर्नेछ ।

(८) नेपाल सरकार वा प्रदेश सरकार वा सरकारी संस्थाका जग्गा वा सम्पति (पोल, भित्ता, कम्पाउण्ड आदि)मा विज्ञापन सामाग्री राखेमा कर उठाउनु अघि कर एकाईले सो निकायसंग समन्वय गरी कर असुल गर्नु पर्नेछ ।

(९) व्यापारिक र व्यावसायिक प्रयोजनका लागि राखिएको विज्ञापनमा लागेको कर छुट वा मिन्हा हुन सक्ने छैन ।

(१०)नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय सरकारका तर्फबाट राखेको विज्ञानपनमा कर लाग्ने छैन ।

(११) यस दफा बमोजिम विज्ञापन कर व्यवस्थापनका लागि कार्यविधि बनाई लागु गर्न सकिने छ ।

(१२) अनुमती पत्र नलिई विज्ञापन गरेमा वा अनुमतीपत्रमा उल्लेखित शर्त उल्लङ्घन गरेमा नगरपालिकाले त्यस्ता विज्ञापन सामाग्रीहरु हटाउन सक्नेछ ।

**१७. व्यवसाय कर :** (१) नगरपालिकाले आफ्नो क्षेत्र भित्रको व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा व्यवसाय दर्तामा र नवीकरणमा वार्षिक व्यवसाय कर लगाउन र उठाउन सक्नेछ ।

(२) एकै व्यक्तिले आफ्नो नाममा एक वा एकै प्रकृतिका व्यवसाय वा शाखा एक वा सो भन्दा बढी स्थानमा सञ्चालन गरेकोमा ६० दिन भित्र सोको जानकारी कर एकाईलाई दिनुपर्नेछ ।

(३) यस दफा बमोजिमको व्यवसाय कर वार्षिक रुपमा बुझाउनु पर्नेछ । कुनै करदाताले अग्रीम रुपमा ५ वर्षको कर एकमुष्ट बुझाउन चाहेमा त्यस बापत लाग्ने रकममा १० प्रतिशतले छुट दिइने छ ।

(४) करदाताले व्यवसाय सञ्चालन गर्दा निवेदन साथ पेश गरेको विवरणमा हेरफेर परिवर्तन वा नामसारी गर्नु पर्ने भएमा त्यसको कारण परेको मितिले साठी दिन भित्र कर एकाईमा जानकारी दिनु पर्नेछ ।

(५) कर अधिकृतले करदाताले यस दफा बमोजिम पेश गरेका विवरण छानविन गरी अन्यथा देखिए यथार्थ विवरण पेश गर्न तीस दिनको म्याद दिई करदातालाई सूचना दिन सक्ने छ ।

(६) एक पटक व्यवसाय दर्ता भए पछि दर्ता खारेजीको निवेदन नपरेसम्म सो व्यवसाय सञ्चालन रहेको मानी कर असुल गरिने छ । तर आन्तरिक राजश्व कार्यालयबाट शून्य व्यवसाय भएको प्रमाणित प्रतिवेदन पेश गरेमा कारोवार नभएको आ.व.को कर लिईने छैन ।

(७) व्यवसाय बन्द भएको खण्डमा कुनै करदाताले लाग्ने कर बुझाई व्यवसाय दर्ता खारेज गर्न निवेदन दिन सक्नेछ ।

(८) कार्यपालिकाले व्यवसाय कर व्यवस्थापन सम्बन्धी कार्यविधि स्वीकृत गरी लागु गर्न सक्नेछ ।

**१८. जडिवुटी, कवाडी र जीवजन्तु कर :** नगरपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस,(खर), कवाडी माल, प्रचलित कानून बमोजिम निषेधित जीवजन्तु बाहेकका अन्य मृत वा मारिएको जीवजन्तुको हाड, सीङ, प्वाँख, छाला वा त्यस्तै प्रकृतिको वस्तुको व्यवसायिक उपयोग गरे बापत जडिवुटी, कवाडी तथा जीवजन्तु कर लगाई उठाउन सक्नेछ ।

## परिच्छेद - ५
## करदाता दर्ता सम्बन्धी व्यवस्था

**१९. करदाताको पहिचान तथा दर्ता :** (१) व्यवसाय सञ्चालन गर्नुपूर्व दर्ता गरेर मात्र व्यवसाय सञ्चालन गर्नु पर्नेछ ।

(२) कर एकाईले यस ऐन बमोजिम कर तिर्नुपर्ने व्यक्ति वा करदाताको पहिचान गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम करदाताको पहिचान गर्दा व्यक्ति वा करदाताको नाममा रहेको सम्पति, निजले गरेको कारोबार र कर एकाईले कुनै स्रोतबाट प्राप्त सूचना र सो शाखाले छानविन गर्दा देखिएका आधारमा करदाताको पहिचान गरिनेछ ।

(४) कर एकाईले यस ऐन बमोजिम कर तिर्नु पर्ने दायित्व भएका करदाताको विवरण खुलाई करदाताको सूची दर्ता गरी राख्नु पर्नेछ ।

(५) नेपाल सरकारबाट स्थायी लेखा नम्बर लिएका करदाताले कर सम्बन्धी कारोबार गर्दा सोही नम्बरको प्रयोग गर्नुपर्नेछ ।

**२०. करदाताको दायित्व :** यस ऐन बमोजिम कर तिर्नुपर्ने कर्तव्य भएका करदाताको देहाय बमोजिमको दायित्व हुनेछ ।

(क) आफूलाई करदाताको रुपमा दर्ता गर्ने ।

(ख) निर्धारित समयमा विवरण पेश गर्ने ।

(ग) निर्धारित समयमा कर दाखिला गर्ने ।

(घ) यस ऐन बमोजिम कुनै शुल्क, जरिवाना वा व्याज बुझाउनु पर्ने भए समयमा बुझाउने ।

(ङ) हिसाब किताब र अभिलेख दुरुस्त राख्ने ।

(च) कर अधिकृतले मागेको सूचना तथ्यांक समयमा उपलब्ध गराउने ।

(छ) कर एकाईलाई आवश्यक सहयोग गर्ने ।

**२१. करदाताको अधिकार :** (१) करदातालाई देहाय बमोजिमको अधिकार हुनेछ ।

(क) सम्मानपूर्ण व्यवहारको अधिकार ।

(ख) प्रचलित कानून बमोजिम कर सम्बन्धी सूचना प्राप्त गर्ने अधिकार ।

(ग) कर सम्बन्धी विषयमा प्रमाण पेश गर्ने मौका प्राप्त गर्ने अधिकार ।

(घ) प्रतिरक्षाको लागि कानून व्यवसायी वा लेखापरिक्षक नियुक्त गर्ने अधिकार ।

(ङ) कर सम्बन्धी गोप्य कुराहरु यस ऐनमा उल्लेख भए बाहेक अनतिक्रम्य हुने अधिकार ।

(२) करदाताले उपदफा (१) बमोजिमको अधिकारको दावी गर्न आफ्नो दायित्व पूरा गरेको हुनुपर्नेछ ।

**२२. करदाताको प्रतिनिधित्व :** (१) करदाताको प्रतिनिधित्व करदाताको परिवारको उमेर पुगेको सदस्य, माथवर व्यक्ति वा निजको कानून व्यवसायी वा लेखापरिक्षक वा निजले लिखित रुपमा अख्तियारी दिई पठाएको उमेर पुगेको वारेसले गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रतिनिधित्व गर्न सक्ने व्यक्तिका तर्फबाट गरिएका काम कारबाही करदाता स्वयमले गरेको मानिनेछ ।

## परिच्छेद - ६

## विवरण दाखिला सम्बन्धी व्यवस्था

**२३. विवरण दाखिला गर्न आदेश दिन सक्ने :** (१) यस ऐन बमोजिम कर बुझाउनुपर्ने दायित्व भएको व्यक्तिले कर विवरण नबुझाएमा वा विवरण दाखिला गर्दा व्यहोरा फरक पारी दाखिला गरेको भनि शंका गर्न सकिने आधार र कारण भएमा कर अधिकृतले आधार र कारण खोली कर विवरण दाखिला गर्न आदेश दिन सक्नेछ । त्यस्तो आदेश प्राप्त भएमा सम्बन्धित व्यक्तिले सो आदेश प्राप्त भएको मितिले एक महिना भित्र कर एकाईमा विवरण दाखिला गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको म्याद भित्र विवरण दाखिला गर्न नसक्ने सम्बन्धित व्यक्तिले आधार र कारण खोली माग गरेमा कर अधिकृतले समयावधि थप गर्न सक्नेछ ।

**२४. विवरण सच्याउन सकिने :** यस परिच्छेद बमोजिमको कर विवरण दाखिला भै सकेपछि कुनै तथ्य सम्बन्धी वा गणितीय भूल भएको भन्ने लागेमा करदाताले पहिला विवरण दाखिला भएको मितिले तीन महिना भित्र यथार्थ, तथ्य र सही अंक सहितको अर्को विवरण पेश गर्न सक्नेछ ।

**२५. विवरण दाखिला र सच्याउने विषयमा कार्यविधिमा भएको व्यवस्था मान्य हुने :** यस ऐन बमोजिम तिर्नु बुझाउनु पर्ने कर व्यवस्थापनका सम्बन्धमा स्थानीय सरकारले बनाएको कार्यविधिमा त्यस्तो कर सम्बन्धी विवरण दाखिला र सच्याउने विषयमा थप व्यवस्था भएमा सोही बमोजिम हुनेछ ।

## परिच्छेद - ७
## कर दाखिला सम्बन्धी व्यवस्था

**२६. कर दाखिला गर्नुपर्ने :** (१) यस ऐन बमोजिम दाखिला गर्नुपर्ने कर ऐनको परिच्छेद ४ मा उल्लेख गरिएकोमा सोही समयमा र समय उल्लेख नभएको हकमा प्रत्येक आर्थिक वर्षको आश्विन मसान्त भित्र कर एकाईमा वा सो शाखाले तोकेको कर इकाइमा दाखिला गर्नुपर्ने छ ।

तर यस ऐन बमोजिम लिन उठाउन पाउने कर व्यवस्थापनका लागि कार्यपालिकाले छुट्टै कार्यविधि बनाई उक्त कार्यविधिमा कर दाखिला गर्ने समय र स्थान उल्लेख गरेकोमा सोही बमोजिम गर्न बाधा परेको मानिने छैन ।

(२) यस ऐन बमोजिम अग्रीम कर कट्टी गरी दाखिला गर्नुपर्ने कर करकट्टी भएको महिना पछिको महिनाको २५ गते भित्र कर एकाईमा दाखिला गर्नुपर्नेछ ।

**२७. कर दाखिलाको निस्सा दिनुपर्ने:** करदाताले यस ऐन बमोजिम बुझाउनु पर्ने कर वा गैरकर राजश्व वा अन्य रकम बुझाए पछि करदातालाई तत्काल त्यसको निस्सा दिनु पर्नेछ ।

## परिच्छेद - ८
## कर फिर्ता र समायोजन

**२८. कर फिर्ता सम्बन्धी व्यवस्था :** (१) करदाताले यस ऐन बमोजिम कर बुझाउँदा तिर्नुपर्ने भन्दा बढी कर दाखिला गरेकोमा सो कर पटके कर रकम एक हप्ता भित्र र वार्षिक करको रकम सोही आर्थिक वर्षभित्र माग गरिसक्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम फिर्ताको लागि निवेदन परेकोमा व्यहोरा साँचो देखिएमा कर अधिकृतले निवेदन परेको एक महिना भित्र माग बमोजिम फिर्ता दिने निर्णय गर्नुपर्नेछ ।

**२९. कर समायोजन सम्बन्धी व्यवस्था :** (१) करदाताले दफा २८ बमोजिम फिर्ता पाउने ठहरिएको रकम दाखिला गर्नुपर्ने कर रकममा समायोजन गर्न कर अधिकृत समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेकोमा व्यहोरा साँचो देखिएमा कर अधिकृतले निवेदन परेको एक महिना भित्र माग बमोजिम समायोजन गर्न आदेश दिनु पर्नेछ ।

## परिच्छेद - ९

## कर परीक्षण र कर निर्धारण

**३०. कर परीक्षण र कर निर्धारणः** (१) यस ऐन बमोजिम करदाताले विवरण पेश नगरेको वा पेश गरेको विवरणमा देहायका सबै वा कुनै काम कुरा भए गरेको देखिएमा कर अधिकृतबाट कर परिक्षण गरी कर निर्धारण गरिनेछः

(क) खातापाता, हरहिसाब वा अभिलेख दुरुस्त नदेखिएमा ।

(ख) गलत वा झुट्टा कागजात/ विवरण संलग्न गरेको देखिएमा ।

(ग) यथार्थ कारोबार नदेखाएको विश्वास गर्नुपर्ने कारण भएमा ।

(घ) कारोबारका आधारमा करको दायित्व कम देखाएकोमा ।

(ङ) करको दर फरक परेकोमा ।

(च) कानून बमोजिम कर छुट वा मिनाहा हुन नसक्नेमा पनि सोको दावी गरेकोमा ।

(२) उपदफा (१) बमोजिम कर निर्धारण गर्नुपर्ने देखिएमा करदातालाई आधार र कारण खुलाई आफ्नो स्पष्टीकरण पेश गर्न पैतीस दिनको सूचना दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम सूचना प्राप्त भएकोमा करदाताले सूचनामा तोकिएको म्याद भित्र आफ्नो स्पष्टीकरण पेश गर्नुपर्नेछ ।

(४) कर अधिकृतले उपदफा (३) बमोजिम तोकिएको म्याद भित्र करदाताले स्पष्टीकरण पेश गरेमा सो समेतलाई आधार बनाई र स्पष्टीकरण पेश नगरेमा कानून बमोजिम कर निर्धारण गर्नुपर्नेछ ।

(५) स्वयम कर निर्धारण गरी विवरण पेश गरेको मितिले चार वर्ष भित्र कर अधिकृतले पूनः कर निर्धारण वा संशोधित कर निर्धारण गर्नुपर्ने

सन्तोषजनक आधार र कारण भएमा करदातालाई सफाईको मौका दिई त्यस्तो कर निर्धारण गर्न सक्नेछ ।

**३१. कर निर्धारणको सूचना :** (१) यस ऐन बमोजिम कर अधिकृतबाट कर निर्धारण भएकोमा बुझाउनु पर्ने कर रकम, स्थान समय सिमा र बैंक खाता नम्बर समेत उल्लेख गरी करदातालाई कर निर्धारणको सूचना दिनुपर्नेछ ।

(२) यस ऐन बमोजिमको कर दाखिला गर्दा निर्धारणको सूचना प्राप्त भएपछि करदाताले सो सूचनामा उल्लेखित स्थान र समयसीमा भित्र कर दाखिला गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम कर रकम बैंक दाखिला गरिएकोमा करदाताले त्यसको सम्बन्धित भौचर कर एकाईमा बुझाउनु पर्नेछ ।

## परिच्छेद - १०

## कर संकलन सम्बन्धी व्यवस्था

**३२. कर संकलन सम्बन्धी व्यवस्था :** (१) यस ऐन बमोजिम असुल उपर गर्नुपर्ने कर, व्याज र शुल्क बापतको रकम करदाताले यस ऐन वा यस ऐन अन्तर्गत बनेको कार्यविधिमा तोकिएको अवधिमा दाखिला नगरेमा कर अधिकृतले प्रमुख प्रशासकीय अधिकृतको पूर्व स्वीकृति लिई देहायको एक वा एकभन्दा बढी तरिका बमोजिम कर असुल गर्न सक्नेछ :

(क) करदातालाई फिर्ता गर्नुपर्ने रकम भए त्यसमा कट्टा गरेर ।

(ख) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार वा सरकारी स्वामित्वका संस्थाबाट करदाताले पाउने रकमबाट कट्टा गरेर ।

(ग) स्थानीय सरकारबाट उपलव्ध गराउने सेवा सुविधा रोक्का गरेर ।

(घ) बैंक वा वित्तीय संस्थामा रहेको करदाताको रकमबाट कट्टा गर्न लगाएर ।

(ङ) करदाताको कारोबार रोक्का गरेर ।

(च) करदाताको चल तथा अचल सम्पति माथि दावी वा कब्जा गरेर ।

(छ) करदाताको सम्पति एकैपटक वा पटकपटक गरी तोकिए बमोजिम लिलाम विक्री गरेर ।

(२) उपदफा (१) को खण्ड (छ) बमोजिम लिलामको कारबाही शुरु भएपछि सो कारबाही समाप्त हुनुपूर्व कर दाखिला गर्न ल्याएमा बुझाउन बाँकी कुल रकमको थप पाँच प्रतिशत शुल्क सहित असुल गरिनेछ ।

(३) लिलामबाट प्राप्त रकम करदाताले तिर्नु पर्ने कर रकम भन्दा बढी भएमा बढी भएजति रकम साठी दिन भित्र सम्बन्धित करदातालाई फिर्ता दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम रकम फिर्ता गर्दा निजले उपलब्ध गराएको बैंक खातामा जम्मा गरिदिनु पर्नेछ ।

**३३. किस्तावन्दीमा कर असुली :** कुनै खास करदातालाई विशेष परिस्थितिले समयमा कर तिर्न नसक्ने कारण भई सो कुराको निवेदन गर्न आएमा कर अधिकृतले जाँचबुझ गर्दा कारण सन्तोषजनक देखिएमा पर्चा खडागरी बढीमा एक वर्ष भित्र तीन किस्तामा कर दाखिला आदेश दिन सक्नेछ । तर, ढिला बुझाए बापत यस ऐन बमोजिम लाग्ने व्याज मिनाहा हुनेछैन ।

## परिच्छेद - ११
## जरिवाना, शुल्क र व्याज सम्बन्धी व्यवस्था

**३४. जरिवाना लाग्ने :** यस ऐनको पालना नगरी करको दायित्व घटाएमा कर अधिकृतले कर विगोको दश प्रतिशत जरिवाना गर्न सक्ने छ ।

**३५. व्याज लाग्ने :** यस ऐन बमोजिम दाखिला गर्नुपर्ने कर समयमा दाखिला नगरेमा तिर्नु बुझाउनु पर्ने रकममा तोकिए बमोजिम व्याज लाग्नेछ ।

**३६. अभिलेख नराखेमा शुल्क लाग्ने :** यस ऐन बमोजिम अभिलेख राख्नुपर्ने कर्तव्य भएका करदाताले अभिलेख नराखेमा रु. एक हजार शुल्क लाग्नेछ ।

**३७. समयमा विवरण दाखिला नगरेमा शुल्क लाग्ने :** यस ऐन बमोजिम विवरण दाखिला गर्नुपर्ने दायित्व भएका करदाताले समयमा विवरण दाखिला नगरेमा प्रति विवरणमा रु. एक हजार शुल्क लाग्नेछ ।

तर यस ऐन बमोजिमका कुनै करको विवरण दाखिला गर्ने सम्बन्धमा कार्यपालिकाले बनाएको कार्यविधिमा विवरण दाखिला गर्ने विषयमा छुट्टै व्यवस्था भएमा सोही बमोजिम गर्न यस दफाले बाधा पुऱ्याएको मानिने छैन ।

**३८. झुट्टा विवरण दिएमा शुल्क लाग्ने :** यस ऐन बमोजिम विवरण दाखिला गर्नुपर्ने दायित्व भएका करदाताले झुट्टा विवरण दाखिला गरी करको दायित्व घटाएमा फरक परेको कर रकम असुल गरी सोको दश प्रतिशत शुल्क लाग्नेछ । तर यस ऐन बमोजिमका कुनै करको विवरण दाखिला गर्ने सम्बन्धमा कार्यपालिकाले बनाएको कार्यविधिमा विवरण दाखिला गर्ने विषयमा छुट्टै व्यवस्था भएमा सोही बमोजिम गर्न यस दफाले बाधा पुऱ्याएको मानिने छैन ।

**३९. व्याज नलाग्ने :** यस ऐन बमोजिम लाग्ने शुल्क व्याज र जरिवानामा पूनः व्याज लाग्नेछैन ।

## परिच्छेद - १२

## पूर्वादेश र प्रशासकीय पुनरावलोकन

**४०. पूर्वादेश माग गर्न सक्ने :** (१) कुनै करदातालाई यस ऐन बमोजिम लगाइएको कर, दस्तुर, शुल्क वा ऐनका व्यवस्थाबारे द्विविधा भएमा सोको निराकरणका लागि निजले प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन दिएकोमा प्रमुख प्रशासकीय अधिकृतले द्विविधा निराकरण गर्न पूर्वादेश जारी गरी करदातालाई सो पूर्वादेश उपलब्ध गराउनेछ ।

(३) उपदफा (१) र (२) मा जुन सुकै कुरा लेखिएको भएता पनि अदालतमा विचाराधिन रहेको वा अदालतवाट निर्णय भैसकेको विषयमा यस दफा बमोजिम पुर्वादेश जारी गर्न सकिने छैन ।

(४) उपदफा (१) वमोजिमको पुर्वादेश अदालतको आदेशवाट अन्यथा नभएसम्म कायम रहने छ ।

**४१. प्रशासकीय पुनरावलोकन हुन सक्ने :** यस ऐन वमोजिमका देहायको निर्णय माथि प्रशासकीय पुनरावलोकन हुन सक्ने छ ।

(क) कर अधिकृतले गरेको कर निर्धारण, पुनः कर निर्धारण र सशोंधित कर निर्धारण सम्वन्धी निर्णय ।

(ख) यस ऐन वमोजिम लाग्ने वा लागेको कर र गैह्र राजश्व तथा अन्य दस्तुर, शुल्क, व्याज सम्वन्धी निर्णय ।

**४२. प्रशासकीय पुनरावलोकनको प्रक्रिया :** (१) यस ऐन वमोजिमको कर निर्धारणको निर्णय उपर चित्त नबुभ्ने करदाताले सो निर्णय भएको मितिले ३५ दिन भित्र प्रमुख प्रशासकीय अधिकृत समक्ष प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम प्रशासकीय पुनरावलोकनको लागि परेको निवेदन माथी ६० कार्य दिन भित्र कारवाही र किनारा गर्नु पर्नेछ ।

## परिच्छेद - १३

## पुनरावेदन

**४३. उजुर नलाग्ने :** यस ऐन वमोजिम प्रशासकीय पुनरावलोकन गर्न सकिने विषयमा त्यस्तो पुनरावलोकन नभई कुनै अदालतमा कुनै उजुर लाग्ने छैन ।

**४४. पुनरावेदन दिन सक्ने :** (१) प्रशासकीय पुनरावलोकनको निर्णय भएकोमा सो मितिले र प्रशासकीय पुनरावलोकन नहुने विषयमा कारण परेको मितिले चित्त नवुभ्ने पक्षले ६० दिन भित्र सम्वन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

## परिच्छेद - १४

## गैरकर राजश्व

**४५. सेवा शुल्क तथा दस्तुरः** नगरपालिकाले संविधानको अनसुची- ८ वमोजिमका क्षेत्र र विषयमा आफूले पुऱ्याएको सेवा वापत सेवा शुल्क तथा दस्तुर लगाई उठाउन सक्नेछ ।

**४६. पर्यटन शुल्क :** (१) नगरपालिकाले आफै निर्माण गरेको पर्यटकीय स्थल, पर्यटन व्यवसाय र पर्यटकीय क्रियाकलापमा पर्यटन शुल्क लगाई उठाउन सक्नेछ। पर्यटकीय क्षेत्रमा उपलव्ध गराएको सेवाको लागत, सञ्चालन र संभार खर्चलाई आधार मानी पर्यटन शुल्क लगाउनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि नगरपालिका क्षेत्र भित्र पर्यटक प्रवेश गरेको आधारमा मात्र पर्यटन शुल्क लगाईने छैन ।

**४७. सवारी साधन पार्किङ्ग शुल्क :** नगरपालिकाले आफूले निर्माण वा व्यवस्था गरेको सवारी साधन पार्किङ्ग स्थलमा सवारी साधन पार्किङ्ग शुल्क लगाई उठाउन सक्नेछ । तर नेपाल सरकार र प्रदेश सरकारले निर्माण गरेका राष्ट्रिय र प्रदेश स्तरका राजमार्गको छेउछाउ वा पेटीमा पार्किङ्ग शुल्क उठाईने छैन ।

**४८. वहाल विटौरी शुल्क :** नगरपालिकाले सार्वजनिक, स्थानीय सरकारको नाममा रहेको र ऐलानी जग्गा र त्यस्ता जग्गामा रहेका पोखरी, हाटवजार, प्रर्दशनी स्थल र ती ठाउँमा राख्न अस्थायी अनुमति दिएका पसलमा बहाल विटौरी शुल्क लगाई उठाउन सक्नेछ ।

**४९. केवुलकार शुल्क :** (१) नगरपालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालन भएका केवुलकारमा शुल्क लगाई उठाउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिमको शुल्क केवलकार संचालकले प्रवेश टिकटमा नै समावेश गरि संकलन गर्नु पर्नेछ ।

(३) उपदफा (२) वमोजिम संकलन गरेको शुल्क संकलन गरेको महिना पछिको महिनाको २५ दिन भित्र विवरण साथ कर ईकाईमा दाखिला गर्नु पर्नेछ ।

**५०. अन्य शुल्क लगाउन सक्ने :** (१) नगरपालिकाले अनुसूची २ मा उल्लेखित विषय र क्षेत्रमा शुल्क लगाई उठाउन सक्नेछ ।

(२) स्थानीय सरकारले संविधान र अन्तर सरकारी वित्तिय व्यवस्थापन ऐन, २०७४ को विपरित नहुने गरि आफुले प्रदान गरेको सेवा, सुविधा र व्यवस्थापन गरेका थप वा नयाँ क्षेत्र वा विषयमा शुल्क लगाउन सक्नेछ ।

(३) उपदफा २ वमोजिम सेवा शुल्क लगाउने वा त्यस्को दरमा हेरफेर गरेको कुराको विवरण स्थानीय सरकारले त्यस्तो निर्णय भएको मितिले सात कार्य दिन भित्र नगर सभाको वैठक चलेको समयमा सभामा र त्यस्तो वैठक नचलेको समयमा त्यस पछि वस्ने सभाको पहिलो वैठकमा पेश गर्नु पर्नेछ ।

**५२. छुट वा मिनाहा :** (१) नगरपालिकाले खास अवस्थामा यस ऐन वमोजिम लाग्ने वा लागेको गैरकर राजश्वमा आधार र कारण खुलाई आंशिक वा पुर्ण रुपमा छुट दिन वा मिनाहा गर्न सक्नेछ । यसरी छुट दिंदा समान अवस्थाका सवै करदातालाई समान व्यवहार गरिनेछ ।

(२) उपदफा (१) बमोजिम गैरकर राजश्वमा छुट वा मिनाहा दिएको विवरण सभाको वैठक चलेको समयमा सभामा र सभाको वैठक नचलेको समयमा त्यस पछि वस्ने सभाको वैठकमा पेश गर्नु पर्नेछ ।

(३) नेपाल सरकार वा प्रदेश सरकारले कुनै परियोजना वा विकास कार्यका लागि खास सामाग्री, कारोबारमा कर नलाग्ने व्यवस्था गरेकोमा स्थानीय सरकारले तत् तत् सरकारसंग समन्वय गरी कर छुट सम्वन्धी सो व्यवस्थाको पालना गर्ने गराउने छ ।

## परिच्छेद - १५

## समन्वय सम्वन्धी व्यवस्था

**५२. नेपाल सरकारसँग समन्वय :** (१) नगरपालिकाले संघीय कानून वा यस ऐन वमोजिम असुल उपर गर्नुपर्ने कर वा गैरकर राजश्व असुल गर्न एकद्वार प्रणाली अपनाउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिमको एकद्वार प्रणाली अपनाउन स्थानीय सरकार वा स्थानीय सरकारले अधिकार सुम्पेको अधिकृत वा कर अधिकृतले नेपाल सरकार वा नेपाल सरकारले सो प्रयोजनका लागि अधिकार सुम्पेको अधिकृतसंग समन्वय गरि आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(३) नगरपालिकाले संविधानको साझा अधिकारको सूचीमा रहेका विषयसँग सम्वन्धित कर वा गैरकर राजश्वका आधार र दर वा कर प्रशासनको सम्वन्धमा नेपाल सरकारसंग समन्वय गर्न सक्नेछ ।

(४) उपदफा (२) र (३) वमोजिमको व्यवस्था अन्तरगत समन्वय गरी टुंगोमा पुगिएका विषयहरु यस ऐनमा परे सरह मानिनेछ र ती व्यवस्थाका हकमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि सोही अनुसार कार्यान्वयन गर्नु पर्नेछ ।

**५३. प्रदेश सरकारसँग समन्वय :** (१) नगरपालिकाले प्रदेश कानुन वा यस ऐन वमोजिम असुल उपर गर्नुपर्ने कर वा गैरकर राजश्व असुल गर्न एकद्वार प्रणाली अपनाउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिमको एकद्वार प्रणाली अपनाउन स्थानीय सरकार वा स्थानीय सरकारले अधिकार सुम्पेको अधिकृत वा कर अधिकृतले प्रदेश सरकार वा प्रदेश सरकारले सो प्रयोजनका लागि अधिकार सुम्पेको अधिकृतसंग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(३) नगरपालिकाले संविधानका साझा अधिकारको सूचीमा रहेका विषयसंग सम्वन्धित कर वा गैरकर राजश्वका आधार वा दर वा कर प्रशासनका सम्वन्धमा प्रदेश सरकार संग समन्वय गर्न सक्नेछ ।

(४) उपदफा (२) र (३) वमोजिमको व्यवस्था अन्तरगत समन्वय गरिएका विषयहरु यस ऐनमा परे सरह मानिनेछ र ती व्यवस्थाका हकमा यस ऐनमा अन्यत्र जुन सुकै कुरा लेखिएको भएतापनि सोही अनुसार कार्यान्वयन गर्नु पर्नेछ ।

**५४. केन्द्रीय बैंकसँग समन्वय :** नगरपालिकाले कर र गैरकर राजश्व संकलन सम्वन्धमा केन्द्रीय बैंक (नेपाल राष्ट्र बैंक) सँग समन्वय गरि आवश्यक व्यवस्था गर्न सक्नेछ ।

**५५. अन्य निकाय, कार्यालय संस्थासँग समन्वय :** नगरपालिका वा कर अधिकृतले कर तथा गैरकर राजश्व संग सम्वन्धित विषयमा नेपाल सरकार र प्रदेश सरकार अन्तरगतका सरकारी निकाय, वैंक वा संस्था संग समन्वय गर्न सक्नेछ ।

## परिच्छेद - १६

## राजश्व प्रस्ताव तर्जुमा तथा सूचना सम्वन्धी व्यवस्था

**५६. राजश्व सम्वन्धी नयाँ प्रस्ताव :** नगरपालिकाले कर तथा गैरकर सम्वन्धी नयाँ कर प्रस्ताव तयार गर्दा सरोकारवालासंग परामर्श गर्नु पर्नेछ ।

**५७. सूचना सार्वजनिक गर्नुपर्ने :** (१) यस कानुन वमोजिम स्थानीय सरकारले लगाएको कर र गैरकर राजश्व उठाउने कार्यालयको प्रमुखले सो कर र राजश्वका दर र त्यसमा भएको हेरफेर सम्वन्धि सूचना सर्वसाधारणका लागि सार्वजनिक गर्नुपर्नेछ ।

(२) स्थानीय सरकारले उपदफा (१) वमोजिमका कर, राजश्वका दर र त्यसमा भएको हेरफेर समेत मिलाई स्थानीय सरकारको वेभसाईटमा राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(३) स्थानीय सरकारले कर र राजश्वका दर र हेरफेर सम्वन्धी केन्द्रीय सूचना प्रणालीमा समेत राख्ने प्रयोजनका लागि नेपाल सरकार अर्थ मन्त्रालय वा सो मन्त्रालयले तोकिदिएको कार्यालयलाई उपलव्ध गराउनु पर्नेछ ।

## परिच्छेद - १७

## विविध

**५८. विद्युत्तीय माध्यमको प्रयोग गर्न सक्ने :** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि स्थानीय सरकारले विद्युत्तीय माध्यम (अनलाईन) वाट करदातालाई सूचना दिने, करदाताले आफ्नो विवरण र प्रमाण पेश गर्ने, कर लगायतको तिर्नु वुझाउनु पर्ने रकम दाखिला गर्ने एवं कर वा त्यस्तो रकम

बुझाएको रसिद दिने लगाएतका कर सम्बन्धी अन्य काम कारवाही गर्न सकिने व्यवस्था गर्न सक्नेछ । विद्युतीय कारोवार सम्बन्धी कार्यविधि वा निर्देशिका निर्माण गरी अनलाईन पेमेन्ट सिस्टम लागू गर्न सक्नेछ ।

**५९. ठेक्कामा लगाउन नपाइने :** स्थानीय सरकारले आफूले असुल गर्नु पर्ने कर वा राजश्व ठेक्का लगाई उठाउन पाइने छैन ।

तर कुनै कर स्थानीय सरकार आफैंले असुली गर्दा असुली खर्च तथा व्यवस्थापनका दृष्टिले अव्यवहारिक हुने भएकाले त्यस्तो कर ठेक्का मार्फत असुल गर्न उपयुक्त हुने भनि कार्यपालिकाबाट निर्णय भएमा त्यस्तो कर ठेक्का लगाई असुल उपर गर्न यस दफाले बाधा पुऱ्याएको मानिने छैन । साथै यो ऐन प्रारम्भ हुनुभन्दा पहिला नै सम्झौता भै कुनै कर असुलीको कार्य ठेक्का मार्फत भैरहेको भएमा त्यस्तो संझौताको म्याद कायम रहेसम्म त्यस्तो कर ठेक्काद्वारा संकलन गर्न गराउन बाधा परेको मानिने छैन ।

**६०. अनुसूचीमा हेरफेर :** नगरकार्यपालिकाले यस ऐनको अनुसूचीमा आवश्यक हेरफेर गर्न सक्नेछ र त्यसरी गरिएको हेरफेरको सूचना सभाको बैठक बसेको भए बैठकमा र तत्काल बैठक नबसेको भए त्यस पछि बस्ने सभाको पहिलो बैठकमा पेश गर्नु पर्नेछ ।

**६१. कागजातको ढाँचा :** (१) यो ऐन र यस ऐन अन्तर्गत बनेको कार्यविधि/निर्देशिकामा उल्लेख नभएको वा नतोकिएको कुनै विवरण, ढाँचा, तरिका वा जानकारी सम्बन्धमा आवश्यक व्यवस्था गर्न उपयुक्त देखिएमा स्थानीय सरकारले आदेश वा सूचना जारी गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमका आदेश वा सूचना सर्वसाधारणको जानकारीको लागि स्थानीय सरकारको कार्यालय सूचना पाटी, वेभसाइट र स्थानीय पत्रपत्रिकाको माध्यमवाट उपलब्ध गराउन सकिनेछ ।

**६२. सूचना तामेली रीत पुगेको मानिने :** (१) यस ऐन बमोजिम दिनु पर्ने म्याद, सूचना वा कागजात देहाय बमोजिम बुझाए वा पठाएमा सम्बन्धित व्यक्तिलाई बुझाएको वा दिइएको मानिनेछः

(क) सम्बन्धित व्यक्तिलाई नै बुझाएको,

(ख) निजको परिवारको उमेर पुगेको सदस्यलाई बुझाएको,

(ग) निजको कानून व्यवसायी वा लेखापाललाई बुझाएको,

(घ) नावालिगको हकमा संरक्षक वा माथवर व्यक्तिलाई बुझाएको,

(ङ) कार्यालय संस्था वा निकायको हकमा अधिकार प्राप्त व्यक्तिलाई बुझाएको,

(च) करदाताको ठेगानामा हुलाकबाट रजिष्ट्री गरी पठाएको ।

कर एकाईको अधिकृतको नाम र पद खुल्ने गरी दस्तखत गरिएको, कम्प्यूटर प्रविधिवाट इन्स्क्रीप्ट वा इनकोड गरिएको, छाप लगाइएको वा यस ऐन बमोजिम जारी गरिएको, तामेली गरिएको वा दिइएको कागजातलाई रितपूर्वकको मानिनेछ ।

**६३. कागजातको अभिलेख राख्ने :** (१) यस ऐन बमोजिम कर बुझाउनु पर्ने दायित्व भएको प्रत्येक व्यक्ति वा करदाताले देहाय बमोजिम आवश्यक कागजातहरु सुरक्षित गरी राख्नु पर्नेछ ।

(क) यस ऐन बमोजिम नगरपालिकामा पेश गर्नुपर्ने कागजात र सोलाई पुष्ट्याई गर्ने सूचना तथा कागजात ।

(ख) कर र्निधारण गर्न सघाउ पुऱ्याउने कागजातहरु ।

(ग) खर्च कर कट्टी गर्नु पर्ने भए सोलाई पुष्ट्याई गर्ने कागजात ।

(२) नगरपालिकाले लिखित रुपमा सूचना जारी गरी अन्यथा तोकेकोमा बाहेक यस दफा बमोजिमका कागजातहरु सम्बन्धित आय बर्ष समाप्त भएको मितिले कम्तिमा ४ बर्षको अवधिसम्म सुरक्षित राख्नु पर्नेछ ।

**६४. अदालतलाई भए सरहको अधिकार हुने :** यस ऐनको प्रयोजनको लागि नगरपालिकाको अधिकार प्राप्त अधिकृतले सम्बन्धित व्यक्तिलाई झिकाउने, बयान गराउने, प्रमाण बुझ्ने र लिखतहरु पेश गर्न लगाउने सम्बन्धमा प्रचलित नेपाल कानून बमोजिम अदालतलाई भए सरहको अधिकार हुनेछ ।

**६५. आदेश वा निर्देशन पालना गर्नुपर्ने :** संघीय र प्रदेश सरकारले कर प्रशासनलाई प्रभावकारी बनाउन नेपालको संविधान र संघीय तथा प्रदेश सरकारको कर सम्बन्धि कानून र यो ऐनको प्रावधानलाई कार्यान्वयन गर्न गराउन जारी गरेको आदेश वा निर्देशन पालना गर्नु नगरपालिकाको कर्तव्य हुनेछ ।

**६६. कर अधिकृतको परिचय पत्र :** कर एकाईमा काम गर्ने प्रत्येक कर अधिकृत र अन्य कर्मचारीले परिचय पत्र आफ्नो साथमा राख्ने, काम गर्ने समयमा लगाउने र कर्तव्य पालनाको सिलसिलामा परिचयपत्र सम्बन्धित व्यक्तिलाई देखाउनु पर्नेछ ।

**६७. विभागीय कारवाही र सजाय हुने :** (१) कर अधिकृत वा कर प्रशासनसंग सम्बन्धित कुनै कर्मचारीले कर तिर्नु बुझाउनु पर्ने दायित्व भएको व्यक्ति वा करदातालाई हानि नोक्सानी पुऱ्याउने, करको दायित्व घटीबढी गर्ने, समान अवस्थामा करदाता बीच असमान व्यवहार गर्ने, कुनै करदातालाई अनुचित फाइदा पुऱ्याउने वा करदाताबाट आफ्नो वा अरु कसैको निजी स्वार्थपूर्ति गर्ने उद्देश्यले कुनै काम गरेमा वा कानून बमोजिम गर्नु पर्ने काम समयमा नगरी दुःख वा हैरानी दिएमा सम्बन्धित व्यक्तिले स्थानीय सरकारको प्रमुख प्रशासकीय अधिकृत समक्ष उजुरी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उजुर परेमा प्रमुख प्रशासकीय अधिकृतले आवश्यक छानविन गरी सम्बन्धित कर्मचारीको सेवा सम्बन्धी कानून बमोजिम आफूलाई कारवाही गर्ने अधिकार भएको विषयमा आफैले विभागीय कारवाही गर्ने र कारवाही गर्ने अधिकार नभएको विषयमा विभागीय कारवाहीको लागि अधिकार प्राप्त अधिकारी समक्ष रायसाथ पेश गर्नेछ ।

(३) उपदफा (२) बमोजिम छानविन गर्दा प्रचलित कानून बमोजिम अनूचित कार्य गरेको कुरा खुल्न आएमा अधिकार प्राप्त अधिकारीले आवश्यक कारवाही गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम छानविन र कारवाही गर्दा प्रमाण नष्ट हुन सक्ने भएमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो कर अधिकृत वा अन्य कर्मचारीलाई सम्बन्धित सेवा सम्बन्धि कानून बमोजिम निलम्बन गर्न सक्नेछ ।

(५) उपदफा (२) बमोजिम छानविन गर्ने अवधी भर सो अधिकृतलाई कर अधिकृतको जिम्मेवारीबाट अलग राखिनेछ ।

(६) उपदफा (३) बमोजिमको छानविन गर्ने र कर अधिकृतको जिम्मेवारीवाट अलग राख्ने अवधि तीन महिना भन्दा बढी हुने छैन ।

**६८. पुरस्कृत गर्न सक्ने :** (१) नगरपालिकाले यथार्थपरक र विश्वसनीय रुपमा तथा कानूनले तोकेको म्याद भित्र कर विवरण बुझाउने, लागेको कर दाखिला गर्ने र कर अधिकृतले माग गरेका सूचना उपलब्ध गराउने तीन जना करदातालाई प्रत्येक वर्ष सम्मान/पुरस्कृत गर्न सक्नेछ ।

(२) कर संङ्कलन कार्यमा संलग्न उत्कृष्ठ कर्मचारीलाई पुरस्कृत गर्न सकिनेछ ।

(३) उपदफा (१) र (२) बमोजिम दिइने पुरस्कार सम्बन्धी अन्य व्यवस्था नगरपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

**६९. म्याद, हदम्याद नजाने :** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए पनि यस ऐन बमोजिम म्याद वा हदम्याद गणना गर्दा देहायको अवधि बाहेक गरी गणना गरिनेछः

(क) अदालतवाट स्थगन वा कर अधिकृत वा अन्य सरकारी निकायवाट रोक्का वा स्थगन भएको अवधि,

(ख) पुनरावेदन गरेकोमा पुनरावेदन तहको अन्तिम निर्णय भएको जानकारी प्राप्त नभएसम्मको अवधि

**७०. कार्यविधि/निर्देशिका वा दिग्दर्शन (म्यानुअल) बनाउने अधिकार :** यस ऐन बमोजिमको काम प्रभावकारी रुपमा गर्न स्थानीय सरकारले आवश्यक कार्यविधि/निर्देशिका वा दिग्दर्शन बनाउन सक्नेछ ।

अनुसूची-१

(दफा १० उपदफा (४) को (घ) संग सम्बन्धित

## ह्रासकट्टी गर्ने तरिका

यस ऐन बमोजिम सम्पत्तीको ह्रासकट्टी गर्ने तरिका कार्यविधिमा उल्लेख भए बमोजिम हुनेछ ।

| क) | **घरको वनोटको वर्गीकरण** | |
|---|---|---|
| १) | भित्र काँचो बाहिर पाको इट्टामा माटोको जोडाई भएको वा काठैकाठबाट बनेको र जस्ता, झिँगटी, टायल, एसवेसटसको छाना भएको घर । | |
| २) | भित्र बाहिर पाकोइट्टा वा ढुंगामा माटोको जोडाई भई भित्र बाहिर सिमेन्ट प्लासटर गरी छाना ढलान (आर.सी.सी. वा आर.वि.सी.) गरिएका वा जस्ता, टायल, झिंगटी, एसवेसटसको छाना भएको घर । | |
| ३) | भित्र वाहिर पाको इट्टामा वाल ढुङ्गामा सिमेन्ट प्लास्टर गरी छाना ढलान (आर.सी.सी. वा आर.वि.सी.) गरिएको घर | |
| ४) | आर.सी.सी. फ्रेम स्ट्रक्चरमा भएको घर | |
| ५) | स्टिल फ्रेम स्ट्रक्चर, फ्रविक्चर, फाइवर वा यस्तै संरचना | |

| ख) घरको मूल्याङ्कन | | | | | |
|---|---|---|---|---|---|
| **घरको वनोट** | | | **औसत लागत दर प्रति वर्ग फुट** | **प्रति वर्ष टुटफुट कट्टी दर प्रतिशत** | **कट्टी गर्ने जम्मा बर्ष** |
| १) | (क) (१) | बमोजिमको घर | १,०००।- | ३.०० | २५ |
| २) | (क) (२) | बमोजिमको घर | १,२००।- | २.०० | ३० |
| ३) | (क) (३) | बमोजिमको घर | १,३५०।- | १.०० | ७० |
| ४) | (क) (४) | बमोजिमको घर | १,८००।- | ०.७५ | १०० |
| ५) | (क) (५) | बमोजिमको घर | १,५७५।- | ०.७५ | १०० |

**द्रष्टव्यः टुटफुट कट्टीको हिसाव गर्दा घट्दो - मूल्यको अधारमा ग रिनेछ ।**

ग) काँचो इट्टा वा माटोको गारो वा बाँस वा काठको टाटी भई फुस, छवाली, खर, पराल र जस्ता वा टिनको छाना भएको तथा अस्थायी प्रकृतिको घरको मूल्याङ्कन गरिने छैन ।

घ) घर जग्गा कर लाग्ने क्षेत्रहरुको जग्गाको मूल्याङ्कन गर्दा रजिष्ट्रेसन प्रयोजनका लागि मालपोत कार्यालयले तोकेको दर बमोजिम मूल्याङ्कन गरिनेछ ।

ङ) ह्रास कट्टीको समय समाप्त भई सकेपछिको घरजग्गाको सम्पत्ति कर अन्तिम मूल्याङ्कन रकममा तोके बमोजिम कर लाग्नेछ ।

च) सम्पत्ति कर लगाएका घरजग्गामा भूमिकर नलाग्ने ।

## अनुसूची—२

(दफा ५० को उपदफा (१) सँग सम्बन्धित)

**स्थानीय सरकारले शुल्क लगाई उठाउन सक्ने विषय क्षेत्र**

१. खानेपानी, धारा, पोखरी र घाट

२. बिजुली

३. टेलिफोन

४. वातावरण, फोहोरमैला व्यवस्थापन, सरसफाई र ढल व्यवस्थापन

५. शौचालय, स्नान गृह

६. सार्वजनिक पार्क/पिकनिक स्थल

७. हाटबजार

८. पशु बधशाला

९. अधिथि गृह र छात्रवास

१०. अचल सम्पत्ति मुल्याङ्कन शुल्क

११. मर्मत सुधार (आफूले निर्माण गरेका यस अनुसूचीमा उल्लेखित साधन र सुविधाको मर्मत सुधारमा लाग्ने खर्च सम्बन्धी)

१२. नक्सा पास दस्तुर

१३. अन्य विविध सिफारिस दस्तुर

प्रमाणीकरण: २०७८ असार २० गते

मूल्य रू. १५/-

आज्ञाले

निरज पौडेल

प्रमुख प्रशासकीय अधिकृत